आज मिति २०८१/०९/१३ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती वोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणाको लागि विभिन्न समिति गठन सम्वन्धमा ।

३. धन जमानीमा हस्ताक्षर गर्नको लागि प्रतिनिधि चयन गर्ने सम्वन्धमा ।

४. ढुंगा, गिटी, बालुवा संकलन गर्नको लागि अनुमति प्रदान गर्ने सम्वन्धमा ।

५. कालिगण्डकीबाट उत्खनन् हुने दहत्तर बहत्तरको बोलपत्र सम्वन्धमा ।

६. जेष्ठ नागरिक भवन प्रयोगको लागि अनुमति सम्वन्धमा ।

७. उच्च शिक्षा अध्ययनको लागि अनुमति प्रदान गर्ने सम्वन्धमा ।

८. तलबी अध्ययन विदा स्वीकृत गर्ने सम्वन्धमा ।

९. सोह्रौ नगरसभाको मिति तथा कार्यसूची सम्वन्धमा ।

१०. न्यायिक समितिको निर्णय/फैसला/मिलापत्र कार्यान्वयन सम्वन्धमा ।

११. योजना तथा कार्यक्रमको नाम संशोधन सम्वन्धमा ।

१२. ओखर तथा सुन्तला पकेट क्षेत्र निर्धारण गर्ने सम्वन्धमा ।

१३. आर्थिक सहयोग सम्वन्धमा ।

१४. बालमैत्री शौचालय मर्मत तथा घेरावार सम्वन्धमा ।

१५. विविध सम्वन्धमा ।

निणर्यहरु

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८१ माघ ९ गते हुन गैरहेको बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा कार्यक्रमलाई भव्य एवं सभ्य रुपमा सु-सम्पन्न गर्नको लागि देहाय बमोजिम विभिन्न उपसमिति गठन गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | समितिको नाम | संयोजक | कैफियत |
|---|---|---|---|
| (क) | संयोजन समिति | नगर प्रमुख | |
| (ख) | अतिथि व्यवस्थापन समिति | धनमाया शर्मा | |
| (ग) | प्राविधिक समिति | जय बहादुर के.सी. | |
| (घ) | सॉस्कृतिक कार्यक्रम समिति | ज्योति के.सी. विष्ट | |
| (ङ) | दर्ता तथा व्यवस्थापन समिति | शान्ति बोसेल | |
| (च) | प्रचार प्रसार समिति | ज्ञानेन्द्र गौतम | |
| (छ) | समय व्यवस्थापन समिति | प्रमुख प्रशासकीय अधिकृत | |
| (ज) | सुरक्षा समिति | चक्र बहादुर खत्री | |
| (झ) | अनुगमन मुल्याङ्कन तथा आर्थिक व्यवस्थापन | तिल बहादुर थापा | |
| (ञ) | कार्यक्रम संचालन | रुद्र बहादुर के.सी. | |
| (ट) | खाजा तथा पानी व्यवस्थापन | ढाकाराम परियार | |
| (ठ) | फोहर व्यवस्थापन | मेघनाथ गैरे | |
| (ड) | स्वास्थ्य व्यवस्थापन | हरी प्रसाद शर्मा | |
| (ढ) | स्वागत गेट निर्माण | सुरज बोसेल | |
| (ण) | आपतकालिन | राजु थापा | |
| (त) | शैक्षिक प्रर्दशनी | नारायण शर्मा पौडेल | |
| (थ) | कदरपत्र सम्मानपत्र र मायाको चिनो व्यवस्थापन | छम बहादुर कार्की | |
| (द) | पिटी व्यवस्थापन | चक्र बहादुर खत्री | |
| (ध) | यातायात व्यवस्थापन | उपप्रमुख | |

**निणर्य नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बागलुङ नगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको अनुरोध बमोजिम नगर विकास कोष र उपभोक्ता संस्था वीच हुने ऋण सम्झौताको धन जमानीमा हस्ताक्षर गर्नको लागि मिति २०८१/०४/२४ को कार्यपालिका बैठकबाट यस कार्यालयका सव-ईन्जिनियर श्री सुरज श्रेष्ठलाई अख्तियारी दिने निर्णय गरेको तर निजको कार्य व्यस्थताको कारण मिति २०७१।०७।२० को कार्यपालिका बैठकबाट यस कार्यालयका ईन्जिनियर श्री गौरव शर्मा लाई अख्तियारी दिने गरी

निर्णय सच्चाईएकोमा निज ईन्जिनियर गौरव शर्माको समेत कार्यव्यस्थताको कारण पुन: यस कार्यालयका सव-ईन्जिनियर श्री सुरज श्रेष्ठलाई नै अख्तियारी दिने निर्णय गरियो ।

निणर्य नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल शहरी शासकीय तथा पूर्वाधार विकास परियोजना अन्तर्गत निर्माणाधिन सड्कको डि.पि.आर.मा क्वारी साईट उल्लेख भएको र वा.न.पा. वडा नं. ४ स्थित नेपाली सेनाको तालिम केन्द्र देखी १० मिटर तल रहेको उक्त बगरको IEE समेत स्वीकृत भएको हुँदा IEE प्रतिवेदनमा उल्लेख भए बमोजिम ७४७१५ घनफिट दहत्तर बहत्तर संकलनको लागि गण्डकी प्रदेश सरकारको आर्थिक ऐनमा प्रति घनफिट रु ९ कायम भएको अवस्थामा उक्त दरमा दश प्रतिशत अतिरिक्त थप गरी ९.९० कायम गरी कायमी मुल्य अनुसार लाग्ने रकम रु ८,४६,९६८।०० (अग्रिम आयकर र मु.अ.कर समेत) जम्मा गर्न लगाई निर्माण व्यवसायी श्री आशिष फेवा जे.भि.लाई ढुंगा, गिटी, बालुवा संकलन गर्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निणर्य नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा कालिगण्डकीबाट उत्खनन् हुने दहत्तर बहत्तरको सम्वन्धमा सम्मानीत सर्वोच्च अदालतमा दायर भएको मुद्धा नं. ०७७-WO-१२५६ को मुद्धा सम्मानीत सर्वोच्च अदालतको संयुक्त ईजलासबाट मिति २०८१/०७/११ गते रिट खारेज भै निर्देशनात्मक आदेश जारी भएको तर फैसलाको पूर्णपाठ तयार भैनसकेको हुँदा पूर्णपाठ प्राप्त भए पश्चात फैसलामा उल्लेख भए बमोजिम कार्यान्वयन गर्ने गरी हाल सार्वजनिक खरिद ऐन अनुसार बोलपत्र आव्हानको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निणर्य नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. १ स्थित नवनिर्मित जेष्ठ नागरिक भवन हाल उपयोग विहिनको अवस्थामा रहेको र मानव सेवा आश्रमले केही समयको लागि प्रयोग गर्न माग गरेको कारण देहाय बमोजिम हुने गरी प्रयोग गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

देहाय

(क) भवनको संरक्षण आश्रमबाट गर्नु पर्ने ।

(ख) भवन टुट फुट भएमा सो को मर्मत आश्रमबाट नै गर्नुपर्ने ।

(ग) आश्रमले प्रयोग गर्ने अवधि सम्मको खानेपानी र विद्युत जडान कार्य एवं विल भुक्तानीको कार्य आश्रमबाट नै गर्नु पर्ने ।

(घ) भवनको संरचना नबिग्रने गरी कोठा/तला थप गर्नु पर्ने भएमा नगरपालिकाको स्वीकृत लिई थप गर्नु पर्ने ।

(ङ) भवनको प्रयोग २ वर्ष अर्थात २०८३ माघ मसान्त सम्म मात्र प्रयोग गर्ने ।

**निणर्य नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको कार्यालय, बागलुङमा ईन्जिनियर (सातौ तह) मा कार्यरत सोबिन घर्तिले कार्यालयको कामलाई बाधा नपर्ने गरी कार्यालयलाई उपयुक्त हुने विषयमा उच्च शिक्षा अध्ययनको अनुमति पाँउ भनि यस कार्यालयमा निवेदन दिनु भएको हुँदा निजलाई Lumbini Buddhist University, Lumbini International Academy of Science and Technology मा ईन्जिनियरिङ विषय अन्तर्गत Construction Engineering and Management अध्ययन गर्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निणर्य नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस कार्यालयमा स्वास्थ्य सेवा तर्फ मुल्पानी स्वास्थ्य चौकी बा.न.पा. वडा नं. ७ मा जनस्वास्थ्य निरिक्षक पदमा कार्यरत लक्ष्मण वि.क.ले चिकित्सा शिक्षा आयोग, सानो ठिमी, भक्तपुरबाट लिएको प्रवेश परिक्षामा सामेल भै नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान काठमान्डौमा जनस्वास्थ्य विषयमा चार वर्षे स्नातक तह (BPH) अध्ययन गर्नको लागि मनोनयन भएको हुँदा अध्ययन विदा स्वीकृति गरी पाँउ भनि दिएको निवेदन सम्वन्धमा छलफल भै निजलाई नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ५३ को उपनियम (१) र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० (गण्डकी प्रदेश) को नियम १११ (२) बमोजिम हुने गरी ऐ. नियमावलीको नियम १११ (४) बमोजिम मिति २०८१ पौष २५ गते देखी २०८४ पौष २४ गते सम्म जम्मा ३ (तीन) बर्ष तलबी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निणर्य नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको सोह्रौ नगरसभा यही मिति २०८१ पौष २५ गते दिनको ११.०० बजे बा.न.पा.को सभाहलमा सम्पन्न गर्ने गरी देहाय बमोजिमको कार्यसूची स्वीकृत गरी सम्पूर्ण नगरसभा सदस्यहरुलाई समयमै जानकरी गराउने र आवश्यक तयारीको लागि नगरसभा सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

| सि.नं. | मिति | क्रियाकलाप | समय | कैफियत |
|---|---|---|---|---|
| पहिलो बैठक | | | | |
| १ | [illegible] | राष्ट्रिय गान । | ११.०० बजे | नगरसभा अध्यक्ष प्रवेश संगै |

| | | | | |
|---|---|---|---|---|
| २ | | पहिलो बैठक प्रारम्भ । | ११.०० बजे | नगरसभा अध्यक्षबाट |
| ३ | | नीति तथा कार्यक्रम को समिक्षात्मक प्रस्तुती । | ११.१० बजे | नगरसभा अध्यक्षबाट |
| ४ | | आर्थिक ऐन २०८१ को संशोधन प्रस्ताव पेश । | ११.४० बजे | नगर उप प्रमुखबाट |
| ५ | | आ.व. २०८१।०८२ को स्वीकृत आय व्यय (बजेट) को संशोधित बजेट बक्तव्य प्रस्तुती । | १२.०० बजे | नगर उप प्रमुखबाट |
| ६ | | ऐनको मस्यौदा प्रस्ताव पेश । | १२.३० बजे | विधायन समितिको संयोजकबाट |
| **दोश्रो बैठक** | | | | |
| १ | २०८१/०४/२५ | दोश्रो बैठक प्रारम्भ | १.२० बजे | |
| २ | | आर्थिक ऐन २०८१ को संशोधन प्रस्ताव माथि छलफल | १.२० बजे | सभामा छलफल |
| ३ | | आ.व. २०८१।०८२ को स्वीकृत आय व्यय (बजेट) को संशोधन प्रस्ताव माथि छलफल | १.४० बजे | सभामा छलफल |
| ४ | | ऐनको मस्यौदा प्रस्ताव माथि छलफल | २.०० बजे | सभामा छलफल |
| ५ | | विविध प्रस्ताव पेश तथा छलफल | ३.०० बजे | अध्यक्षबाट पेश सभामा छलफल |
| **(खाजा समय)** | | | | |

<u>निणर्य नं. १०</u>

प्रस्ताव नं. १० माथि छलफल गर्दा बागलुङ नगरपालिका न्यायिक समितिबाट निर्णय भै निर्णय/फैसला/मिलापत्र कार्यान्वयनको लागि पेश हुन आएका निर्णय/फैसला/मिलापत्र कार्यान्वयन गर्न देहाय बमोजिम समन्वय गर्ने निर्णय गरियो ।

| सि.नं. | विवादको पक्ष/विपक्ष | निर्णय फैसला कार्यान्वयन गर्नु पर्ने विषय | निर्णय फैसला कार्यान्वयनको लागि समन्वय कर्ता |
|---|---|---|---|
| १. | दिपेन्द्र गौतम र उद्योग वाणिज्य संघ | फैसला अनुसार रकम उपलब्ध गराई दिने सम्वन्धी | योजना शाखा मार्फत समन्वय गर्ने । |
| २. | टेक बहादुर सुनार र अहेली थापा । | दुवै पक्ष वीचको सहमति बमोजिमको रकम उपलब्ध गराई दिने सम्वन्धी । | नगर प्रहरी ईकाई मार्फत समन्वय गर्ने । |

<u>निणर्य नं. ११</u>

प्रस्ताव नं. ११ माथि छलफल गर्दा १५ औं नगरसभाबाट विनियोजन भएका वडा तथा नगरस्तरिय योजनाको नाममा केही त्रुटी भएका र नाम फरक परी योजना कार्यान्वयनमा समस्या भएका योजना

तथा कार्यक्रमको नाम आगामी नगरसभाबाट संशोधन गर्ने गरी हाल वडा कार्यालयको सिफारिसको आधारमा योजना सम्झौताको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निणर्य नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिका भित्र ओखर तथा सुन्तला पकेट क्षेत्रको सम्भावनाको अध्ययन गरी ओखर तथा सुन्तला पकेट क्षेत्र निर्धारण गर्नको लागि आर्थिक विकास समितिको सिफारिस र प्राविधिकको फिल्ड भेरिफिकेसन सहितको प्रतिवेदनको आधारमा देहायका स्थानमा ओखर तथा सुन्तला पकेट क्षेत्र निर्धारण गर्ने निर्णय गरियो ।

(क) ओखर पकेट क्षेत्र - बा.न.पा. वडा नं. ९ को तित्याङ क्षेत्र ।

(ख) सुन्तला पकेट क्षेत्र - बा.न.पा. वडा नं. ८,९ र १० ।

**निणर्य नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको कार्यालय, बागलुङमा पेश हुन आएका आर्थिक सहायताको निवेदन सम्वन्धमा देहाय बमोजिम हुने गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

| सि.नं | माग गर्ने सस्थाको नाम | रकम रु | प्रयोजन |
|---|---|---|---|
| १. | बागलुङ जिल्ला क्रिकेट संघ | १००,०००। | क्रिकेट खेल संचालन । |

**निणर्य नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्नको लागि बालमैत्री पूर्वाधार अनिवार्य भएको हुँदा यस नगरपालिका वडा नं. १ स्थित बालमैत्री शौचालय मर्मत तथा घेरावारको कार्य गर्नको लागि प्राविधिकबाट तयार भएको रु ९,९९,४४६।३७ को लागत अनुमान स्वीकृत गरी चालु आवको खर्च शिर्षक नं. ३११५९ मा विनियोजन भएको बालमैत्री स्थानीय शासन पूर्वाधार निर्माण शिर्षकबाट उल्लेखित रकम विनियोजन गरी मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो ।